अन्तिम लेखापरीक्षण प्रतिवेदन

ताजाकोट गाउँपालिका
हुम्ला

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

ताजाकोट गाउँपालिका

हुम्ला

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

ताजाकोट गाउँपालिका

हुम्ला

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलब्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ जेठ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

कर्णाली प्रदेश

मितिः२०८१।०२।१२

प.सं. २०८०।८१

च.नं. ४४

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू ,

ताजाकोट गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,

हुम्ला ।

१. **कैफियत सहितको राय** — हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.३ करोड ३१ लाख ४ हजार बेरुजु देखिएको छ । सो सम्बन्धमा कुनै पनि प्रतिक्रिया प्राप्त नभएकोमा बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१ करोड १३ लाख ४७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ६५ लाख ९१ हजार, नियमित गर्नुपर्ने रु.३० लाख ६६ हजार र पेश्की बाँकी रु.२१ लाख रहेको छ ।ताजाकोट गाउँपालिकाको गत वर्ष सम्म रु.१६ करोड १ लाख ४१ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु. १८ करोड ५५ लाख ९१ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने ताजाकोट गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(पशुपति कुमार काफ्ले)
नायब महालेखापरीक्षक

ताजाकोट गाउँपालिका,

हुम्ला जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या			दफा संख्या			दफा संख्या									
सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	सैद्धान्तिक	लगती	रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
४६	१३०	३३१०४	०	०	०	४६	१३०	३३१०४	११३४७	३०६६	१६५९१	०	०	१९६५७	२१००

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
ताजाकोट गाउँपालिका,हुम्ला	१६०१४१	०	७६५४	१५२४८७	०	३३१०४	१८५५९१

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७९।८० (चालु वर्षको)	-	-	-
	चालु वर्षको जम्मा			
	गत विगत वर्षतर्फको			
	२०७८।७९	नाम्स प्रणालीमा उल्लेख भएबमोजिम	नाम्स प्रणालीमा उल्लेख भएबमोजिम	७६५४
	२०७७।७८	-	-	-
	२०७६।७७	-	-	-
	गत विगतको जम्मा			
	कुल जम्मा			७६५४

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

परिचय

१ **परिचयः**

(क) कार्यालय परिचय - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा २८ सभा सदस्य रहेका छन भने क्षेत्रफल १८० वर्ग किलोमिटर तथा ६९९५ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि - यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१९ देखि २०८०।५। २१ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति - कार्यालयको विनियोजनतर्फ, राजश्वतर्फ, धरौटीतर्फ, अन्य कारोबारतर्फ समेत गरी जम्मा रु. ८६,१०,६९,५६१.८० को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **स्थानीय संचित कोष -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय-व्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

सि. नं	आयतर्फ			सि. नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत वर्षको जिम्मेवारी		३२९७१६०.९७	१	गाउँपालिका खर्च		३३४०२९९३८.०४
	क) धरौटी मौज्दात	७४३१५०.			क) चालु खर्च	१६३७८२३०२	
	ख) बैंङ्क मौज्दात	२५५४०१०.९७			ख) पूँजीगत खर्च	१७०२४७६३६	
२	राजस्व (आन्तरिक आय)		४९५०७२३३.८	२	अन्तर सरकारी वित्तिय हस्तान्त्रण संघ		७३६४२४७७
	क) आन्तरिक राजस्व	१४६७५०३.			क) स्थानीय तह प्रशासकीय भवन	७९४७५१७	
	ख) राजस्व बाँडफाँड	४७८२८२०८.१७			ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास	२८३२२८५१	
	ग) राजस्व बाँडफाँड प्रदेश	२११५२२.६३			घ) सामाजिक सुरक्षा भत्ता	३७३७२१०९	
३	वित्तिय हस्तान्तरण संघ		२१६७६८५९०.	३	अन्तर सरकारी वित्तिय हस्तान्त्रण प्रदेश		३७६२५०
	क) वित्तिय समानीकरण अनुदान	६७२४७५००.			क) आन्तरिक	४८०००	

					मामिला मन्त्रालय		
	ख) सशर्त अनुदान	१३५०५९९९९.			ख) सामाजिक विकास मन्त्रालय	१२८२५०	
	ग) समपुरक अनुदान	३९१६९०९.			ग) जलस्रोत उर्जा विकास मन्त्रालय	२०००००	
	ग) विशेष अनुदान	१०५४४१८२.		४	विविध खर्च खाताबाट खर्च		१४७९२७६९.०९
४	प्रदेश सरकारबाट प्रास अनुदान		७४९४२४७२.		क) स्थानीय सहयोग साझेदारी	१११८५१२४.५९	
	क) वित्तिय समानीकरण अनुदान	६२४२०००.			ख) कृषि क्षेत्रविकास कार्यक्रम	८२६७०२	
	ख) सशर्त अनुदान	६२८६००००.			ग) प्रदेश सुशासन केद्र	३८०९४२.५	
	ग) समपुरक अनुदान	५८४०४७२.			घ) सडक बोर्ड नेपाल	२४०००००	
५	अन्तरसरकारी वित्तीय हस्तान्तरण संघ		७३६४२४७७	५	फिर्ता		४३६८०१९.७८
	क) सामाजिक सुरक्षा तथा संरक्षण	३७३७२१०९			क) धरौटी फिर्ता	१२६२५००	
	ख) एकिकृत स्वास्थ्य पूर्वाधार	२८३२२८५१			ख) संघीय शसर्त अनुदान फिर्ता	११८००८८.८२	

	विकास कार्यक्रम						
	ग) स्थानीय तह प्रशासकीय भवन	७९४७५१७			ग) प्रदेश शसर्त अनुदान फिर्ता	१९२५४३०.९६	
	अन्तर सरकारी वित्तिय हस्तान्त्रण प्रदेश		३७६२५०	६	मौज्दात		९९४७८१४.९५
	क) आन्तरिक मामिला मन्त्रालय	४८०००			क) बैंक मौज्दात	६६३६८४९	
	ख) सामाजिक विकास मन्त्रालय	१२८२५०			ख) धरौटी मौज्दात	३३१०९६६	
	ग) जलस्रोत उर्जा विकास मन्त्रालय	२०००००					
६	विविध खर्च खातामा प्राप्त		१४७९२७६९				
	क) स्थानीय सहयोग साझेदारी कार्यक्रम	१११८५१२४.५९					
	ख) कृषि क्षेत्रविकास कार्यक्रम	८२६७०२					
	ग) प्रदेश सुशासन केद्र आइटीको तलव	३८०९४२.५					

	घ) सडक बोर्ड नेपाल	२४०००००					
७	धरौटी आय	३८३०३१६	३८३०३१६.				
जम्मा		४३७१५७२६८.८६	४३७१५७२६८.८६		जम्मा	४३७१५७२६८.८६	४३७१५७२६८.८६

३ **वित्तीय प्रतिवेदन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले स्थानीय सहयोग साझेदारी कार्यक्रमको रु. १,११,८५,१२४/५९, कृषि क्षेत्र विकास कार्यक्रमको रु. ८,२६,७०२/-, प्रदेश सुशासन केन्द्रको रु. ३,८०,९४२/५०, स्थानीय तह प्रशासकीय भवनको रु. ७९,४७,५१७/-, एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु. २,८३,२२,८५१/-, सामाजिक सुरक्षा तथा संरक्षणको रु. ३,७३,७२,१०९/-, र आन्तरिक मामिला तथा कानून मन्त्रालय, सामाजिक विकास मन्त्रालय, जलश्रोत उर्जा विकास मन्त्रालय र सडक वोर्ड समेतको रु.२७,७६,२५०/- समेत रु. ८८८११४९६/०९ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.२ **फरक हिसाव -** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु. ४०,१४०/-, यस वर्षको प्राप्ति रु. ७,८५,९३,६९१/७८ र यस वर्षको भुक्तानी रु. ७,९०,००,६१५/९१ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति (आय)	यसवर्षको भुक्तानी (व्यय)	बैङ्क मौज्दात
एकीकृत आर्थिक विवरण अनुसार	३२९७१६०/९७	४३३८६०१०७/ ८९	४२७२०९४५३/९१	९९४७८१४/ ९५

सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	३२५७०२०/ ९७	३५५२६६४१६/ ११	३४८२०८८३८/ ०	१०३१४५९९/ ०८
फरक	४०१४०	७८५९३६९१/ ७८	७९०००६१५/ ९१	३६६७८४/ १३

३.३ **बैङ्क हिसाव विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राखु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार रु. २६,९९,२३७/- फरक परेको छ । स्रेस्ता र बैंकमा फरक देखिएको रकमका सम्बन्धमा बैंक हिसाब विवरण तयार गरी हिसाब मिलान गर्नुपर्दछ ।

खाता	स्रेस्ता अनुसार मौज्दात रु.	बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.	फरक रु.
ग ३.१, स्थानीय तह धरौटी खाता	३३१०९६६	३३१०९६६	
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	६६३६८४९	३९३७६१२	२६९९२३७
जम्मा	९९४७८१५	७२४८५७८	२६९९२३७

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।

३.४ **खर्च बिश्लेषण -** गाउँपालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु. १४,६७,५०३/- राजस्व बाँडफाँट रु. ४,८०,३९,७३०/- र अनुदानबाट रु. २९,१७,११,०६२/- समेत रु. ३४,१२,१८,२९५/- आम्दानी भएकोमा चालु तर्फ रु. १६,३७,८२,३०१/- र पूँजिगत तर्फ रु. १७,०८,२४,५०१/- समेत रु.३३,४६,०६,८०२/- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.४४ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू. ५५ लाख ७६ हजार खर्च भएको छ जुन आन्तरिक आयको ३७८ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ४९ प्रतिशत चालु र ५१ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

४ **शसर्त अनुदान फिर्ता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा संघ तर्फको शसर्त अनुदानको खर्च नभई फिर्ता गर्न बाँकी अनुदान रु. १०,४१,०६८/- देखाएको छ । उक्त रकम फिर्ता गरी हिसाव फरफारक गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१०,४१,०६८

५ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०७९ असार १० मा रु. ४३ करोड ७३ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९ असार १० मा पारित भएको छ । अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी दिएको विवरण पेश भएको छैन ।खर्च गर्ने अख्तियारी ढिलो गरी दिँदा ठेक्का व्यवस्थापन लगायतका विकास निर्माणका कार्यहरु समयमै सम्पन्न हुन नसकी समग्र आयोजनाको लागत बढ्न गई स्रोत व्यवस्थापनमा दवाव बढन जाने भएकोले ऐनमा भएको व्यवस्थाको पूर्णपालना गरिनुपर्दछ ।

६ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९/८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च (प्रतिशतमा)
आर्थिक विकास	५,४८,२५,९७७	४,९१,७२,१६७/४६	१४.७२
सामाजिक क्षेत्र	११,०८,९५,१९९	१०,४३,०६,७३५/१८	३१.२२
पूर्वाधार विकास क्षेत्र	११,६७,३५,६१२	१०,१९,४१,०९८	३०.५२
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१,९५,९०,०००	१,८७,८१,१९७	५.६
कार्य सञ्चालन तथा प्रशासनिक	६,९२,७२,८७०/९७	५,९८,२८,७४०/४०	१७.९४
जम्मा	३७,१३,१९,६५८/९७	३३,४०,२९,९३८/०४	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये ५.६ देखी ३१.२२ प्रतिशत सम्म खर्च भएको छ ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार समिति गठन गरेको छैन । समिति गठन नगरिदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच

परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत : बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धीनियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

९ **योजनाको प्राथमिकीरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसार १०२ योजनामा वजेट विनियोजन गरेको छ।

रु. १ लाख सम्म	रु. १ लाख देखि २ लाखसम्म	रु. २ लाखदेखि ५ लाखसम्मका	रु. ५ लाख देखि १० लाखसम्मका	रु. १० लाख देखी ५० लाख सम्म	रु.५० लाख भन्दा बढी	जम्मा
४	६	४	१	७९	८	१०२

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।

१० **योजना तथा वजेट कार्यान्वयन -** यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छनः
• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु. १७ करोड ८ लाख भएकोमा प्रथम त्रैमासिकमा रु. २० लाख, दोश्रो त्रैमासिकमा रु. १ करोड ५१ लाख तेस्रो त्रैमासिकमा रु. ५ करोड ३८ लाख, चौथो त्रैमासिकमा रु. ९ करोड ९९ लाख र असार महिनामा मात्रै रु. ९ करोड ७ लाख भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले यो वर्ष अन्तरसरकारी वित्तीय हस्तान्तरण समेत रु. २२ करोड १४ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिँदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

११ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छनः

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन, २०४९ बमोजिम यस पालिकाकामा कार्यरत जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु. २० लाख ४३ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू. २९ लाख ७ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए

• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

• तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१२ **गत विगतको भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ९,९९,३७५/- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

१३ **न्यून प्रगती** - यस पालिकाबाट कार्यान्वयन भैरहेका मध्ये देहायका ६ वटा योजनाहरुको भौतिक प्रगती व्यतित समयावधिको तुलनामा ज्यादै न्यून देखिएको छ । २०८० असार मसान्त भित्र सम्पन्न गर्नुपर्ने योजनाहरुको भौतिक प्रगती ६० देखी ८५ प्रतिशतसम्म मात्र भएको देखिन्छ ।उल्लेखित योजनाहरुको खरिद सम्झौताको म्याद थप गरी समयमै निर्माण कार्य सम्पन्न गर्नेतर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

क्र.सं.	निर्माण कार्य	निर्माण व्यवसायी	संझौता मिति	सम्पन्न गर्नुपर्ने मिति	यो वर्ष सम्मको खर्च	भौतिक प्रगति
१	गाउँपालिकाको प्रशासकीय भवन	धुलीखेल निर्माण सेवा	०३/२०/२०७८	०३/३१/२०८०	२०७६१०१६	८०
२	१० शैय्या अस्पताल	धुलीखेल निर्माण सेवा	०३/२०/२०७८	०३/३१/२०८०	२७३३५४२४	६०
३	च्याङ्लर ओखर घेरवार	प्रशान्त निर्माण सेवा	१०/२७/२०७९	०३/१५/२०८०	६४८५०००	७५
४	मदनादेव मावि विद्यालय भवन	खार्पुनाथ निर्माण सेवा	१०/०७/२०७९	०३/३१/२०८०	५१६२५१०	७५

५	मदनादेव मावि छात्रवास	डिएनडि निर्माण सेवा	१०/१७/२०७९	०३/३१/२०८०	७५२५०९४	७५
६	कवाडी लघुजलविधुत आयोजना	उपभोक्ता समिति				८५

१४ **बार्षिक लक्ष्य तथा प्रगति** - कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा स्थानीयतहले सञ्चालन गरेका योजनाहरुको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार गरिनुपर्दछ । पालिकाले वार्षिक लक्ष्य तथा प्रगतिको विवरण पेश गरेको छैन । कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण तयार गर्नुपर्दछ ।

१५ **कानून निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ ।पालिकाले हालसम्म तयार पारेका कानुन निर्देशिका, कार्यविधि र मापदण्डको विवरण प्राप्त भएन । पालिकाले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड स्वीकृत गराई कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१६ **ऐनको कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(७) मा गाउँपालिकाले गाउँसभाबाट स्वीकृत सीमा र शिर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने साथै दफा ७८(५) मा गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले कतिपय कार्यक्रम गाउँसभाबाट स्वीकृत कार्यक्रम भन्दा गाउँकार्यपालिकाको निर्णय बमोजिम विनियोजन गरी खर्च गरेको देखियो। गाउँपालिकाले सञ्चालन गरेका योजना तथा कार्यक्रमको सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गरेको पाइएन। यसबाट गाउँसभाबाट स्वीकृत योजनामा खर्च भएको रकमको पारदर्शिता तथा जवाफदेहीता कायम रहेको देखिएन। गाउँपालिकाले ऐनमा भएका व्यवस्थाको पालना गरी पारदर्शिता तथा जवाफदेहीता कायम गर्नुपर्दछ।

१७ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ मा स्थानीयतहमा एक न्यायिक समिति गठन हुने व्यवस्था छ । त्यसतै दफा ५३ मा त्यसरी गठन भएको न्यायिक समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुख मार्फत सम्बन्धित सभामा पेश गर्नुपर्ने व्यवस्था छ । यस वर्ष न्यायिक समितिमा ५ वटा मुद्दा दर्ता भई फर्छ्यौट भएको विवरण प्राप्त भएको छ भने न्यायिक समितिले बार्षिक प्रतिवेदन सभा समक्ष पेश गरेको छैन । अत : ऐनमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ ।

१८ **सेवाप्रवाहको स्थिति** - पालिकाबाट यो वर्ष प्रदान गरिकएका सेवा प्रवाहको विवरण उपलब्ध भएन । जन्म दर्ता, मृत्यु दर्ता, बसाईँसराइ, विवाह दर्ता, सम्बन्ध विच्छेद, घर नक्सा पास लगायतका कार्यहरुको विवरण अद्यावधिक गरी राख्नु पर्दछ ।

१९ **कर्मचारी पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र

संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३३ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म संघबाट समायोजन भई आएको ७ जना र करारमा ५ जना गरी १२ जनाको पदपूर्ति भएको र २१ जना रिक्त रहेको प्राप्त विवरणबाट देखिन्छ । विषयगत कार्यक्रम सञ्चालन गरी सेवा प्रवाह गर्न दरबन्दी बमोजिम जनशक्तिको पुर्ति नहुँदा कार्य सम्पादनमा असर परेको देखिन्छ । रिक्त पदहरू पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

क.स	स्वीकृत पद	संख्या	पदपूर्ति(आषाढ मसान्तको स्थिति)				रिक्त पद
			संघबाट समायोजन	साविक स्थानीयमा कार्यरत	आन्तरिक पदपूर्ति	करारबाट	
१	प्रमुख प्रशासकीय अधिकृत	१	०	०	०	०	१
२	इन्जिनियर	१	०	०	०	१	०
३	अधिकृत छैठौं प्रशासन	१	१	०	०	०	०
४	शिक्षा अधिकृत	१	०	०	०	०	१
५	लेखा अधिकृत	१	०	०	०	०	१
६	कृषि विकास अधिकृत	१	०	०	०	०	१
७	आन्तरिक लेखपरीक्षक	१	०	०	०	०	१
८	सहायक पाँचौ प्रशासन	४	४	०	०	०	०
९	कम्प्यूटर अपरेटर	१	०	०	०	०	१
१०	लेखा सहायक पाँचौ	१	१	०	०	०	०
११	प्रास शिक्षा	१	०	०	०	०	१
१२	हे अ छैठौ	१	१	०	०	०	०
१३	सव इन्जिनियर	१	०	०	०	१	०
१४	अ सव ओभसियर	१	०	०	०	१	०
१५	समविनि	१	०	०	०	०	१
१६	खापासटे	१	०	०	०	०	१
१७	सहायक पाँचौ कृषि	१	०	०	०	०	१
१८	पशु सेवा प्राविधिक	१	०	०	०	०	१
१९	सहायक चौथो कृषि	१	०	०	०	१	०
२०	सहायक चौथो पशुसेवा	१	०	०	०	१	१

२१	वडा तर्फ सहायक पाँचौ	२	०	०	०	०	१
२२	वडा तर्फ सव इन्जिनियर पाँचौ	२	०	०	०	०	२
२३	वडा तर्फ सहायक चौथो	३	०	०	०	०	३
२४	वडा तर्फ अ सव ओभरसियर चौथो	३	०	०	०	०	३
जम्मा		३३	७	०	०	५	२१

२० **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत रु. १,३७,५८,१०९/- र पालिकाका चालुतर्फ रु. ९२,७६,५३९/- गरी रु. २,३०,३४,६४८/- खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२१ **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले यस कोषको स्थापना नै गरेको देखिएन। ऐनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

२२ **वार्षिक प्रतिवेदन** - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

२३ **जिन्सी व्यवस्थापन -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा बस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी कितावमा सात दिनभित्र आम्दानी बांधि लगत अद्यावधिक गर्नु, गराउनुपर्ने व्यवस्था छ ।कार्यालयले कार्यालयमा रहेका, आर्थिक वर्ष भित्र खरिद भएका, कुनै प्रकारले हस्तान्तरण भई आएका, भुतपुर्व पदाधिकारी, अवकाश प्राप्त वा सरुवा भई गएका कर्मचारीहरुले बरबुझारथ गरेका कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट, सवारी साधन र अन्य फर्निचर जस्ता जिन्सी सामानहरु आम्दानी बांधि लगत अद्यावधिक गरेको देखिएन । यसरी जिन्सी मालसामानको लगत अद्यावधिक नगर्दा जिन्सी मालसामानहरु हराउने, हिनामिना हुन सक्ने हुँदा कार्यालयमा प्राप्त भएका जिन्सी मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ।

२४ **जिन्सी निरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । पालिकाले जन्सी निरीक्षण गरी प्रतिवेदन तयार पारेको देखिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२५ **खरिद व्यव्स्थापन -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक रु १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक रु. १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १७ करोड ८ लाख २४ हजार पूँजीगत खर्च गरेको छ । तर गाउँपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः गाउँपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२६ **खरिद कारवाहीको अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ (१) अनुसार सार्विजनक निकायले हरेक खरिद कारबाहीको निम्ति छुट्टै फाईल खडा गरी उपनियम २ ले तोके बमोजिमका कागजातहरु सहित अद्यावधिक अभिलेख राख्नु पर्ने र उपनियम ३ मा यस्तो अभिलेख खरिद कारबाही टुङ्गो लागेको सात वर्ष सुरक्षित राख्नु पर्ने व्यवस्था छ । कार्यालयले बोलपत्र र सिलबन्दी दरभाउपत्रबाट भएका खरिद कारवाहीका लागी फाईल खडा गरेको भएता पनि खरिद नियमावलीले तोके बमोजिमका सबै कागजातहरु सिलसिलेबार मिलाएर उक्त फाईलमा राखेको देखिएन । साथै ठेक्का सम्बन्धी गौश्वार लगत (म.ले.प.फा.नं. ५०७) समेत तयार गरी राखेको पाइएन । जसले गर्दा खरिद कारबाही, ठेक्का व्यवस्थापन र सम्झौता कार्यान्वयन सम्बन्धी कारोबारको परीक्षण गर्न सहज भएन । सबै खरिद कारवाहीको अद्यावधिक अभिलेख राखी खरिद कारवाहीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

२७ **सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) -** नेपाल सरकारको २०७७।७।२० को निर्णयानुसार सबै सरकारी कार्यालयहरुमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लागू भैसकेको अवस्थामा यस पालिकाले हालसम्म उक्त प्रणाली अवलम्बन गरेको देखिएन । सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लागू गरी सम्पत्ती व्यवस्थापनमा आवश्यक सुधार गर्नुपर्दछ ।

२८ **कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यी आय शीर्षकमा आय अनुमान र असुली स्थितिको विवरण प्राप्त गर्न सकिएन । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२९ **अग्रिम आयकर दाखिला**

२९.१ आयकर ऐन,२०५८ को दफा ९०(२) मा अग्रिम कर कट्टी गर्ने व्यक्तिले कट्टी गरिएको कर वा कर कट्टी गरेको मानिएको रकम प्रत्येक महिना समाप्त भएको पच्चीस दिन भित्र आन्तरिक राजश्व विभागमा विभागले तोकेको ढाँचामा कर दाखिला गर्नुपर्ने व्यवस्था छ । यस वर्ष पालिकाले विभिन्न मितिमा विभिन्न वासिन्दा व्यक्तिसँग विभिन्न प्रकारका कर कट्टी गरी दाखिला देखाएकोमा उक्त कर दाखिला गरेको नदेखिएकोले उक्त कर राजश्व दाखिला हुनुपर्ने रु.

विवरण	**अग्रिम आयकर**	**पारिश्रमिक कर**	**सामाजिक सुरक्षाकर**	**बहाल कर**	**जम्मा**
पुँजीगततर्फ	७६२३७१.५	०	१९७९०१.७२	५००	९६०७७३/२२
चालुतर्फ	३५४२४१.४८	२३१०९६	३४२९४४	१५५००	९४३७८१/४८
कार्यसञ्चालन कोष तर्फ	२६८२५.६३		१२९०२१.७८	१२००	१५७०४७/४१
जम्मा	**११४३४३८/६१**	**२३१०९६**	**६६९८६७/५०**	**१७२००**	**२०६१६०२/११**

असुल गर्नुपर्ने	२०,६१,६०२

२९.२ पालिकाले यो वर्ष बिभिन्न व्यक्ति तथा फर्महरुलाई रकम भुक्तानी गर्दा सिर्जना भएको दायित्व मध्ये रु. १३,५६,०५६.९७ दायित्व हालसम्म सिस्टमबाट भौचर जेनेरेट नै नगरी दाखिला गर्न बाँकी रहेको देखिन्छ । उक्त दायित्व रकम सम्बन्धित शीर्षकमा दाखिला गरेको प्रमाण पेश हुनु पर्ने रु.

असुल गर्नुपर्ने	१३,५६,०५६

३० **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले देहाय अनुसार बिभिन्न कर्मचारी, उपभोक्ता समिति, निर्माण व्यवसायी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु. २१,२०,००० /- बाँकी रहेको देखिन्छ । सो मध्ये रु. २१,००,००० /- म्याद नाघेको देखिन्छ । फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

मिति	पेश्की लिनेको नाम	प्रयोजन	पेश्की रकम		
			म्याद नाघेको	म्याद ननाघेको	जम्मा
०५/११/२०७९	प्रशान्त निर्माण सेवा	च्याङ्गलर ओखर खेती वडा नं ५	१२०००००		१२०००००
०२/०२/२०८०	नबिन बहादुर शाही	मेशिनरी औजार	५००००		५००००
०२/०२/२०८०	नबिन बहादुर शाही	मसलन्द	५००००		५००००
०२/०२/२०८०	राजेन्द्र स्याङ्बु	जिविको पार्जन कार्यक्रम	८०००००		८०००००

०३/११/२०८०	टेकेन्द्र रोकाया	विविध खर्च		२००००	२००००
जम्मा			२१०००००	२००००	२१२००००

पेश्की	२१,००,०००

३१ **पेश्की रकमको विवरण -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ (क ५) बमोजिम निर्माण व्यवसायीलाई उपलब्ध गराएको पेश्की कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गर्नु पर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) बमोजिम निर्माण व्यवसायीले पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण सार्वजनिक निकायमा नियमित रुपमा उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ । यस पालिका बाट भएका निर्माण सम्बन्धी खरिद सम्झौतामा सबैजसो निर्माण व्यवसायीलाई सम्झौता बमोजिम पेश्की उपलब्ध गराउने गरेकोमा निर्माण व्यवसायीहरुले नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्ने गरेको देखिएन । पेश्की रकम सम्बन्धित निर्माण कार्य वाहेक अन्य कार्यमा रकम खर्च गरी निर्माण कार्यमा ढिलाइ गर्न सक्ने भएकाले सरकारी रकमको उचित सदुपयोग भए नभएको यकिन गर्न कानूनले तोके बमोजिम नियमितरुपमा पेश्की जम्मा गरेको बैंक खाता र खर्चको प्रयोजन खुल्ने मासिक विवरण पेश गर्न लगाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

३२ **धरौटी फिर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ बमोजिम रिटेन्सन मनि वापत राखेको धरौटी रकम फिर्ता गर्दा सम्बन्धित निर्माण व्यवसायीले आन्तरिक राजस्व कार्यालयबाट मूअकर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले देहायका निर्माण व्यवसायीको धरौटी फिर्ता गरेकोमा आन्तरिक राजस्व कार्यालयमा कर विवरण बुझाइ मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गरेको देखिएन । मूल्य अभिबृद्धि कर समायोजन बेगर धरौटी फिर्ता गरेको नियमसम्मत नदेखिएको रु.

निर्माण व्यवसायी	**धरौटी राखेको कार्य**	**फिर्ता रकम**
प्रशान्त निर्माण सेवा	वडा नं २ कार्यालय भवन निर्माण	६२५०००
खार्पुनाथ निर्माण सेवा	चाटा बगर सिंचाई कुलो निर्माण	३५००००
डि एन डि निर्माण सेवा	डुङग्री स्याउ फारम घेरावार	२५००००
बाबुराम कन्स्ट्रक्सन	धर्मोदय मा वि भवन निर्माण	२५००००
डि एन डि निर्माण सेवा	चन्द्र प्रकाश मा वि भवन निर्माण	३५००००
जम्मा		**१८२५०००**

अनियमित भएको	१८,२५,०००

३३ **पदाधिकारी सुविधा -** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ३ मा स्थानीय तहका पदाधिकारी र सदस्यहरुलाई ऐनको अनुसुची १ र २ बमोजिम सुविधा दिने तथा सोहि ऐनको दफा १५(२) मा सो ऐनले व्यवस्था गरेको भन्दा बाहेक अन्य कुनै सुविधा नदिने उल्लेख छ ।

पालिकाले ऐनले तोकेको सुविधा विपरित निम्नानुसारको भुक्तानी गरेको देखिएकोले यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

भौ . नं . र मिति	नाम	पद	शीर्षक	विवरण	भुक्तानी रकम
६३।०७९।९।१४	सुरेन्द्र बहादुर थापा	उपाध्यक्ष	विविध खर्च	कार्पेट लगायतको सामाग्री	१४७७५०
६६।०७९।९।१८	लालकेश जैसी	गा पा अध्यक्ष	विविध खर्च	विभिन्न सामाग्री खरिद	५००००
१०२।०७९।१०।८	सुरेन्द्र बहादुर थापा	उपाध्यक्ष	मसलन्द	ल्यापटप खरिद	८२०००
जम्मा					२७९७५०

३४ बिल भरपाई वेगर भुक्तानी

३४.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा विल भर्पाइ सहितको लेखा राखुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम ८ मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस गाउँपालिकावाट निम्नानुसारको भुक्तानी खर्च पुष्ट्याईको लागि आवश्यक प्रमाण संलग्न नगरी भुक्तानी खर्च लेखेको देखिएकोले आवस्यक प्रमाण पेश हुनुपर्ने अन्यथा देहायअनुसार विल भरपाई नपुग भएको रकम असुल हुनुपर्ने देखिएको रु.

गो भौ रमिति	कामको विवरण	भुक्तानी लिने	भुक्तानी रकम	कैफियत
गाउँपालिकापुँजीगत				
३/२०७९/८/२७	त्रिपाल खरिद	मानसरोवर जनरल स्टोर	४८४०२४	जिन्सी दाखिला र वितरण भरपाइ नभएको
६/२०८०/९/६	त्रिपाल खरिद	मानसरोवर जनरल स्टोर	२००००	जिन्सी दाखिला र वितरण भरपाइ नभएको
३४/०७९/११/१८	लेगगार्ड हेल्मेट खरिद	बलभन्दर संज्याल	२८८००	जिन्सी दाखिला र वितरण भरपाइ नभएको
३५/०७९/११/१८	कार्यालय सामान खरिद	महालक्ष्मी ट्रेड अर्डर एण्ड सप्लायर्स	४४१५२५	जिन्सी दाखिला र वितरण भरपाइ नभएको
३६/०७९/११/१८	श्रमिकको बिमा	शिखर इन्स्योरेन्स कम्पनी	२१०२०	सक्कल बिजक नभएको
४१/०७९/१२/१९	पाल खरिद	महेश जनरल स्टोर	५५००००	दाखिला र वितरण भरपाइ नभएको
४८/०७९/१२/१९	सवारी साधन मर्मत	मिड वेष्ट सप्लायर्स	१८५०००	मर्मत आदेश नभएको
८७/०८०/३/१८	पाल खरिद	महेश जनरल स्टोर	१९२१००	दाखिला र वितरण भरपाइ नभएको
कर्णालीपाइलट				
१४/०८०/३/१७	छप्रेला देखीचाखुरे सम्म सडक	घामन बुढा	७२०००	बिल भरपाइ संलग्न नरहेको

जम्मा	१९९४४६९	

प्रमाण पेश नगरेको	१९,९४,४६९

३४.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले निम्नानुसारको भुक्तानी गर्दा बिल भरपाई संलग्न नरहेकोले प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२,०९,८००

३५ **जिन्सि दाखिला -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न अनुसारका सामग्री खरद गरे वापत रु. भुक्तानी गरेकोमा खरिद आदेश, दाखिला प्रतिवेदन र जिन्सी निरीक्षणमा समेत उल्लेख नभएको हुँदा जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा जिम्मेवार व्यक्तिबाट असूल गर्नुपर्ने रु.

भौ. नं. र मिति	विवरण	जम्मा भुक्तानी
११।०७९।६।१४	कार्यालय सामान	१६९५००
१२।०७९।६।१४	कार्यालय सामान	१३५०००
५९।०८०।३।२०	सोलार ब्याट्री लगायतको सामान	१०००००
२७।०७९।८।१५	कार्यालय सामान	३८०००
जम्मा		४४२५००

प्रमाण पेश नगरेको	४,४२,५००

३६ **वेरितको कर बिजक -** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा अनुसुची ५(क) वमोजिमको ढाँचामा करविजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले घोडाघोडी फार्मेसी, बाँके (६००१६९८५१) लाई रु. ५,३९,२५०।- भुक्तानी गरेकोमा विजक नं ११ मा विजक मिति उल्लेख नगरेकोले सम्बन्धित आन्तरिक राजस्व कार्यालयबाट कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्न रु.

प्रमाण पेश नगरेको	५,३९,२५०

३७ **सम्झौता भन्दा वढि भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने

व्यवस्था छ। स्मार्ट कर्णाली मल्टिमिडिया प्रा लि सँग रु.१,००,०००/- (मूअकर बाहेक) को सम्झौता भएकोमा भौ.नं. १४४।०८०।०३।२५ बाट रु.१,४०,०००/- भुक्तानी गरेको छ । सम्झौता बमोजिम मूअकर सहित रु. १,१३,०००/- भुक्तानी हुनुपर्नेमा रु.२७,०००/- वढी भुक्तानी भएको छ । बढी भुक्तानी भएको रकम रु.२७,०००/- र नियमानुसार लाग्ने अग्रिम कर रु. १,५००/- समेत रु. २८,५००/- असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२८,५००

३८ **जिन्सी दाखिला** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले भौ. नं. १२५।०८०।०३।२३ बाट रु. ५,००,०००/- को दराज, टेबल, खटिया लगायतका सामान खरिद गरेकोमा उक्त सामान दाखिला जिन्सी दाखिला गरेको देखिएन । खरिद गरिएका जिन्सी सामान दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,००,०००

३९ **बिल भरपाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। निम्न भौचरसँग खर्च प्रमाणित गर्ने बिल भरपाई संलग्न नरहेकोले भौचर सँग सम्बन्धित विल भरपाई पेश गर्नुपर्ने रु.

भौचर नं र मिति	**विवरण**	**रकम**
१०५।०८०।०३।२०	मेशिन औजार तथा फर्निचर मर्मत सम्भार (सर्वा केन्द्र सञ्चालनार्थ)	३४०००
११५।०८०।०२।२२	मेशिन औजार तथा फर्निचर मर्मत सम्भार (सर्वा केन्द्र सञ्चालनार्थ)	५००००
२३।०७९।१२०८पूँजीगत	धनलाल जैशीलाई भुक्तानी (कन्टिन्जेन्सी शिर्षक)	२०००००
१२८।०८०।०३।२३	टेकेन्द्र रोकाया लाई कृषि पशुपन्छि तथा मत्स्य अधावधिक कार्यक्रम	२००००
जम्मा		**३०४०००**

प्रमाण पेश नगरेको	३,०४,०००

४० **खर्च शीर्षक फरक पारेको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ बमोजिम बजेटमा तोकिएको शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ ।भौ. नं. ६५।०७९।९।१७ बाट विविध कार्यक्रम शीर्षकबाट रु. ५००००/- भ्रमण खर्च भुक्तानी दिएको देखिन्छ । नियमानुसार सम्बन्धित खर्च शीषर्कबाट भुक्तानी गर्नु पर्ने रकम अन्य खर्च शीर्षकबाट भुक्तानी दिएकोले नियमित सम्मत नदेखिएको रु.

अनियमित भएको	५०,०००

४१ **पार्टी पेमेन्ट** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न बमोजिम खर्च रकम भुक्तानी गर्दा सम्बन्धित पार्टी वा फर्मलाई नगरी कार्यालयका कर्मचारीको नाममा भुक्तानी गरेको देखियो । कारोबार गरिएका फर्म वा पार्टीका नाममा भुक्तानी गर्नुपर्दछ ।

भौ. नं. र मिति	खर्चको विवरण	भुक्तानी हुनुपर्ने	भुक्तानी गरिएको	भुक्तानी रकम
४६।०७९।८।२६	विविध खर्च	अभिषेक होटल एण्ड लज	विशाल ढकाल	३२०००
५०।०७९।८।२६	मसलन्द तथा कार्यालय सामाग्री	सुरेन्द्र जनरल स्टोर	विशाल ढकाल	१२७००
५१।०७९।८।२६	विविध खर्च	निशा चौधरी अर्डर सप्लायर्स	विष्णभक्त जैसी	३५०००
५३।०७९।८।२७	विविध खर्च	कविता होटल एण्ड लज	विशाल ढकाल	८००००
	मालसामान खरिद	राजिव स्टेशनरी तथा कम्प्यूटर सेन्टर	विशाल ढकाल	२१२७६०
६७।०७९।९।२२	ईन्धन	महेश जनरल स्टोर	हरि प्रसाद देवकोटा	२६०००
११२।०७९।१०।१६	मसलन्द तथा कार्यालय सामाग्री	सुरेन्द्र जनरल स्टोर	विशाल ढकाल	८००००
१२७।०७९।११।९	कार्यक्रम खर्च पाल खरिद	रचेन्द्र जनरल स्टोर	जयरुद्र ढकाल	३००००
१३६।०७९।११।१८	मसलन्द तथा कार्यालय सामाग्री	कमल जनरल स्टोर	विष्णभक्त जैसी	९८१५०
१५७।०७९।१२।१७	ईन्धन	अश्विन कन्स्ट्रक्सन एण्ड सप्लायर्स	विष्णभक्त जैसी	५००००
जम्मा				६५६६१०

सैद्धान्तिक बेरुजु

४२ **शिक्षक पेशागत क्षमता विकास कार्यक्रम -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्दछ । पालिकाले शिक्षक पेशागत क्षमता विकास कार्यक्रम अन्तर्गत विभिन्न प्रतियोगिता संचालन भएको जनाएकोमा कार्यक्रमहरु संचालन भएको प्रमाण संलग्न नरहेको साथै पुरस्कार वापतको रकम विभिन्न विद्यालयका शिक्षकलाई भुक्तानी गरेको देखिएकोमा सम्बन्धित सहभागीको नाममा भुक्तानी भएको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३,०६,०००

४३ **दिवा खाजा** - कार्यक्रम कार्यान्वयन पुस्तिका (आ.व. २०७९।०८०) मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ६ सम्म प्रति विद्यार्थी दैनिक रु. २० का दरले विद्यालयलाई अनुदान दिने र विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। कार्यालयले IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार मानि कक्षागत विद्यार्थीहरुको दिवा खाजा व्यवस्थापन वापत रु.६७ लाख ८९ हजार निकासा गरेको छ । IEMIS रेकर्डको आधारमा निकासा गरेपनि पालिकाले कुनै अनुगमन नगरको, दैनिक हाजिरी तथा खर्चको विल भरपाई समेत पेश भएको छैन। अतः

गाउँपालिकाले अनुगमन गरी, प्रमाणित हाजिरी पुस्तिका पेश गर्न लगाई हाजिर भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन गरी हाजिरी भन्दा वढी विद्यार्थीलाई निकासा भएको रकम विद्यालयबाट फिर्ता गर्नुपर्दछ । निम्न विद्यालयमा IEMIS रेकर्ड भन्दा वढि विद्यार्थीको लागि दिवाखाजा वापतको रकम निकासा भएकोले उक्त रकम असुल गर्नुपर्ने रु.

विद्यालयको नाम	**IEMIS मा विद्यार्थी संख्या**	**विलमा विद्यार्थी संख्या**	**वढी विद्यार्थी**	**दर**	**दिन**	**रकम**
धर्मोदयमा वि ताजकोट	५३	९२	३९	२०	१८०	१४०४००
चन्द्रप्रकाश मा वि	२२६	२४३	१७	२०	१८०	६१२००
रामदेवआ वि	१४६	१५४	८	२०	१८०	२८८००
जम्मा	**४२५**	**४८९**	**६४**			**२३०४००**

असुल गर्नुपर्ने	२,३०,४००

४४ **छात्रावृत्ति अनुदान** - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ४.१ र ४.२ छात्रवृत्ती आवासीय तथा गैर आवासिय छात्रवृत्ती सम्बन्धमा व्यवस्था गरेको तथा छात्रावृत्तीको लागी रु.२०,४१,०००।- निकासा गरेको छ ।कार्यक्रम कार्यान्वयन पुस्तिकामा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र कक्षा १-५ का गैर आवासीय छात्रा विद्यार्थीलाई वार्षिक रु.१०००, ६-८ का गैर आवासीय छात्रा विद्यार्थीलाई वार्षिक रु.१५०० दलित विद्यार्थीलाई रु. ४०० छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा छात्रवृत्ती रकम निकासा गरेको छ । EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृति अनुदान निकासा गरेको नियमसंगत देखिदैन । साथै विद्यालयले छात्रावृत्ति वितरण गरेको भर्पाई पेश भएको छैन । अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गरी विद्यालयले छात्रावृत्ति वितरणको भरपाई पालिकामा पेश गर्नुपर्दछ । निम्न विद्यालयमा IEMIS भएको विद्यार्थी संख्या भन्दा वढि विद्यार्थीको लागि छात्रावृत्ती निकासा भएकोले वढि निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

विद्यालयको नाम	IEMIS मा विद्यार्थी संख्या	विलमा विद्यार्थी संख्या	वढी विद्यार्थी	दर	रकम
धर्मोदय मा वि	१००	११३	१३	१५००	१९५००
कालिका	३८	४६	८	१०००	८०००
वनादेव आ वि	१०	१७	७	१०००	७०००
क्षेत्रपाल आ वि	५८	६१	३	१०००	३०००
कैलास आ वि (वा वि)	२७	६८	४१	५००	२०५००

महादेव आ वि	-	-	-	-	२५००
जम्मा	२३३	३०५	७२	५०००	६०५००

असुल गर्नुपर्ने	६०,५००

४५ **पाठ्यपुस्तक -** शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहलोपटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५% बाट अनुदान दिने व्यवस्था छ । पालिकाले उक्त व्यवस्थाको पालना नगरी एकमुष्ठ रु. १५ लाख ३९ हजार ७ सय ७० पाठ्यपुस्तक वापतको रकम निकासा गरेको छ । विद्यालयले विधार्थीलाई पाठ्यपुस्तक वितरण गरेको भरपाई पेश गरेको छैन । समयमै पाठ्यपुस्तक वितरण गरे नगरेको सम्बन्धमा पालिकाले विद्यालयको नियमित अनुगमन गरी अधावधिक विवरण तयार गरी राख्नुपर्दछ ।

४६ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ६२९ जना रहेका छन। भौ. नं. ७७।०८०।०२।२९ बाट पालिकाले घोडाघोडी सर्जि एण्ड अर्डर सप्लायर्स ६३०० सय थान स्यानिटरी प्रति प्याड रु.८० (मूअकर सहित) र ६ थान भेन्डिङ मेसिन प्रति मेशिन रु.३५,०००।- (मूअकर सहित) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरेको उक्त स्यानिटरी प्याड विधालयलाई वितरण गरेको भरपाई पेश भएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

४७ **फरक शिर्षक** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ मा संघीय संचित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्षमा खर्च नभई जुनसुकै खातामा बाँकी रहेको सशर्त अनुदानको रकम सोही आर्थिक वर्षभित्र सम्बन्धित स्थानीय तहले सङ्घीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।पालिकाले भौ. नं. १३१।०८०।०३।२४ बाट गाउँपालिका अनुदान शिक्षकको जेष्ठ र असाढ महिनाको तलब भत्ता रु. ११,८६,६०६/- शसर्त अनुदानबाट भुक्तानी गरेको देखिएकोले उक्त रकम संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	११,८६,६०६

४८ **विद्यालय प्रयोगशाला स्थापना -** शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकाको खण्ड १ (१.३) आर्थिक अनुशासन तथा वित्तिय प्रतिवेदन (ज) मा विद्यालयमा हुने खरिद कार्य सार्वजनिक खरिद ऐन तथा नियमावली, विद्यालय खरिद दिग्दर्शन र विद्यालय लेखाङ्कन दिग्दर्शनको आधारमा गर्ने र सोको अनुगमन स्थानीय निकायले गर्नु पर्ने व्यवस्था छ । विद्यालय शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्य

सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत दिईएको तपसिल बमोजिमको अनुदान उपयोगको सम्बन्धमा अनुगमन गरी कार्य सम्पन्न भएको प्रतिबेदन बिल भरपाई सहित पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	२५,९८,०००

४९ **विद्यालय भवन निर्माण** - संघीय तथा प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत विद्यालय कक्षा कोठा निर्माण अनुदान दुई कोठे तथा चार कोठे भवन निर्माण तथा फिल्ड निर्माण सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्ः

४९.१ **वढी परिमाण नापी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक नियकायले स्वीकृत नर्म्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा नियम ९७ (६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले पेश गरेको रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले संघीय सशर्त कार्यक्रम अन्तर्गत विद्यालय कक्षा कोठा निर्माण अनुदान दुई कोठे तथा चार कोठे भवन निर्माण तथा फिल्ड निर्माणको लागि स्वीकृत नर्म्स र दरभन्दा बढी दर/परिमाणको प्रयोग गरी लागत अनुमानको स्वीकृत गरेको र उपभोक्ता समितिसँग लागत अनुमानकै रकमको सम्झौता गरी भुक्तानी दिने गरेकोमा निम्न उपभोक्ता समितिलाई वास्तविक भएको काम भन्दा वढी नाप जाँच गरी तथा वढी दर राखी भुक्तानी भएको हुँदा बढि भुक्तानी भएको रकम असूल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	५,५७,३२७

(विस्तृत विवरण बेरूजु दफा ४९.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४९.२ **एउटै विद्यालय निर्माणमा फरक दर** - बृद्धि विकास विद्यालय भवन निर्माणको लागि प्रदेश सरकारबाट रु. २२,०६,४७३/- मा २ कोठा सहित १ शौचालय र संघीय सरकारको बजेटबाट रु. २७,५०,११८/- मा ३ कोठा बनाउने गरी लागत अनुमान स्वीकृत भएकोमा एउटै विद्यालय निर्माणको एकै प्रकृतिको कामको लागि फरक फरक दर प्रयोग गरी लागत अनुमान तयार र भुक्तानी भएकोले वढी दर ले गर्दा भएको वढी भुक्तानी सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

क्र सं	काम	परिमाण	संघीय शसर्तमा दर	प्रदेश शसर्तमा दर	फरक दर	वढी भुक्तानी
१	stone soling work on floor and baranda	१९.४	९४८५	७५०५	१९८०	३८४१२
२	PCC @ १:३:६ with round aggregate	९.७	२०४७९	१९५७९	९००	८७३०
३	Dry stone masonary work	४९.२६	८२१०	६२३०	१९८०	९७५३४.८
४	frame work	१.०४	७२८७८	७५८७७	२९९९	३११८.९६

५	salla wood ३८ mm penneled shurter	११	८२९२	८०७८	२१४	२३५४
६	wood work	४.२८	४३०९४	४६०३४	२९४०	१२५८३.२
७	CGI gauge roofing work	७७.८५	१५४०	१९९८	४५८	३५६५५.३
८	Ridge cover	११.२५	१६७६	१८३७	१६१	१८११.२५
९	Plastering work	५९०.९	२२८	२८२	५४	३१९०८.६
१०	Two coat white washing of the wall	४५.७८	२०८	१८६	२२	१००७.१६
११	One coat snowcem paint	११३.९९	२०८	६५	१४३	१६३००.५७
१२	steel work	१८२.२२	१८९.६१	१८३.२५	६.३६	११५८.९१९२
१३	Pcc for RCC	२.१	२७०१३	२५७३६	१२७७	२६८१.७
१४	Two coat enamel painting work	२५.१७	३९३	३९७	४	१००.६८
१५	Two coat aluminium paint on the steel	०.९	३६८	३७०	२	१.८
१६	Plywood false celling	५१.७४	१६५४	१६८१	२७	१३९६.९८
१७	Drystone masonary wall for verendah	५.३२	८२१०	६२३०	१९८०	१०५३३.६
१८	PCC for Rcc @१:१.५:३ work for seal band	५.३२	८२१०	६२३०	१९८०	१०५३३.६
जम्मा						**२७५८२३**

असुल गर्नुपर्ने	२,७५,८२३

५० **मदनादेव मा वि खेल मैदान निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (ख) मा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । मदनादेव माध्यमिक विद्यालयको खेल मैदान निर्माणमा स्वीकृत ड्रईङ्ग तथा डिजाइन पेश नगरेको साथै नापी किताबमा समेत वास्तविक कार्यसम्पादनको परिमाण नखुलाई भौचर नं ७७।०८०।३।२४ बाट रु.३७,३०,२००।– भुक्तानी गरिएकोमा प्राविधिक पुष्ट्याई पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३७,३०,२००

५१ **खर्रा फलफुल खेती घेरवार** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ ख) बमोजिम निर्माण कार्यको सम्झौता शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको

वास्तविक कार्यसम्पादनको आधारमा विल भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले खर्रा फलफुल खेती घेरवार तथा पोखरी निर्माणका लागी रु.१६,५७,२७५।- को लागत अनुमान तयार गरी भौ. नं. ६१/२०८०।३।२१ बाट उपभोक्ता समितिलाई भुक्तानी गरेको छ । निर्माण कार्यको नापी किताबमा Gabion Mesh Wire (२*१*१) २१५ मिटर रहेकोमा Angle Pole को संख्या २१५ राखेको देखिन्छ । खरिद बिलमा जम्मा ११० पोल मात्र खरिद गरिएको साथै २१५ मिटरको घेरावारमा २ मिटरको दुरीमा जम्मा ११० पोल मात्र राख्न मिल्ने देखिएकोले निम्न बमोजिम बढी परिमाणको भुक्तानी भएकोले असूल गर्नुपर्ने रु.

कामको विवरण	भुक्तानी भएको		भुक्तानी हुनुपर्ने		फरक		दर	बढी भुक्तानी
	संख्या	परिमाण	संख्या	परिमाण	संख्या	परिमाण		
Angle Pole	२१५	१४००	११०	११५	११५	११५	१४००	१६१०००
Stone soiling	२१५	८.०६	११०	३.७४७५	११५	४.३१२५	७९६५.२	३४३५०
PCC १ : ३ : ६	२१५	४८.३७५	११०	२२.५	११५	२५.८७५	१९५५३.७६	५०५९५३
जम्मा								७०१३०३

असुल गर्नुपर्ने	७,०१,३०३

५२ **बढी परिमाण भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ ख) बमोजिम निर्माण कार्यको सम्झौताको शर्त वमोजिम प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट बुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा विल भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले बाहुनीमाडु फलफुल खेती घेरवार तथा सिंचाई योजना को लागत अनुमान रु. २२,२२,८५२।- तयार गरी Site Clearance जम्मा ३०० मिटर गरेकोमा Dry Wall ३२५ मिटर लगाएको देखाएकोमा बढी परिमाण १८.७५ घमि को दर रु. ६,९४५.५० ले हुन आउने रकम रु. १,३०,२२८।- सम्बन्धित उपभोक्ता समितिबाट असूल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,३०,२२८

५३ **स्याउ/ओखर पकेट कार्यक्रम** - ५० प्रतिशत लागत साझेदारी हुने गरी लागत अनुमान तयार गरी आ.व. २०७९/८० मा नयाँ स्याउ/ओखर पकेट विकास कार्यक्रम सञ्चालनको लागि रु.१२,००,०००/- लाख र निरन्तरता कार्यक्रमका लागी रु.६,००,०००/- गरी जम्मा रु.१८,००,०००/- श्री टेकेन्द्र रोकायालाई भुक्तानी गरेकोमा सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्ः

५३.१ **वढि भुक्तानी -** नयाँ पकेट विकास कार्यक्रमको लागि सिकेचर, पनिङ्ग, कलमी स्याउको विरुवा, कलमी दाते ओखर, हाते आरा लगायतका सामाग्री खरिद तथा वितरण गरी रु.१८,००,०००/- को बिल भरपाई पेश गरी कार्य सम्पन्न भएकोमा ५० प्रतिशतले हुन आउने रकम रु.९,००,०००/- मात्र भुक्तानी हुनुपर्नेमा रु.१२,००,०००/-, भुक्तानी भएको देखिएकाले वढी भुक्तानी भएको रु.३,००,०००/- असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	३,००,०००

५३.२ **बिल भरपाई** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। स्याउ/ओखर निरन्तरता कार्यक्रम सञ्चालनका लागि श्री टेकेन्द्र रोकायालाई रु.६,००,०००/- भुक्तानी गरेकोमा निरन्तरता कार्यक्रम सञ्चालन हुन नसकेको भनि कार्यक्रम संचालन गरेको प्रमाण र विल भरपाई पेश भएन । कार्यक्रम सञ्चालन भएको नदेखिएकाले उक्त रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	६,००,०००

५४ **च्याङलर ओखर खेती** - ठेक्का नं. ४/०७९/८०, मिति २०८० असार १५ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी प्रशान्त निर्माण सेवासँग मिति २०७९/१०/२७ मा रु. ९२,९३,८३४/- (मूअकर समेत) को खरिद सम्झौता भएकोमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

बढी भुक्तानी - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) मा सार्वजनिक निकायले कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाँप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ ।च्याङलर ओखर खेती निर्माण कार्यका लागी रु. ६३,१०,७७२/- को प्राविधिक बिल पेश भएकोमा हालसम्म रु. ६४,८५,०००/- भुक्तानी भएको । वास्तविक कार्य सम्पादन भन्दा रु. १,७४,२२८/- बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,७४,२२८

५५ **अनुगमन प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्दछ । भौ. नं. २६६ र २६७।०८०।३।२० बाट पशु विकास कार्यक्रम अन्तर्गत औषधी खरिद वापत रु. ५,००,०००।- भुक्तानी गरिएकोमा के कति परिमाणमा खर्च भएको हो सोको पुष्टी हुने कागजात संलग्न रहेको निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	५,००,०००

५६ **बाखा पकेट** - कार्यालयले बाखा खरिदमा रु.७,५०,०००।- र ढुवानीमा रु.२,५०,०००।- लाभवान्वित समुदायको सहभागिता हुने गरी लागत अनुमान तयार गरी ०७९।८० मा नयाँ बाखा पकेट विकास कार्यक्रम संचालन गर्न देवराज धमालालाई भौचर नं १०६।०८०।०३।२० बाट रु.१५,००,०००।- भुक्तानी गरेको सम्बन्धमा देखिएको व्यहोरा निम्न बमोजिम रहेको छः

५६.१ **अनुगमन प्रतिवेदन** - पालिकाले रु.२०,०००/- को दरले ७५ वटा बाखा, रु.४५,०००/- को दरले ५ वटा बोका, रु.१,००,०००/- को औषधी, रु.२०,०००/- को घाँस खरिद, रु.१,१०,०००/- अनुगमन खर्च, रु.४५,०००/- को होडिङ बोर्ड, तालिम र विविध खर्चमा रकम भुक्तानी गरेकोमा २५ जनालाई ३ वटाको दरले बाखा र ५ जनालाई १ वटाको दरले बोका वितरण गरेको भरपाई पेश गरेको छ ।उक्त बाखा तथा बोकाको स्वास्थ्य परिक्षण तथा विमा गरेको देखिदैन । प्रति व्यक्ति ३ वटा बाखा वितरणको भरपाई गराएकोमा बाखाको टयाग २ वटाको दरले मात्र प्रयोग भएको देखिन्छ । प्रयोग भएका टयाग भन्दा बढी बाखा वितरण भएको भन्ने कुरामा विश्वस्त हुन सकिएन । तसर्थ पालिकाले बाखा वितरण कार्यक्रमको अनुमगन गरी प्रति व्यक्त ३ वटा बाखा वितरण गरेको फोटो सहितको प्रतिबेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५,००,०००

५६.२ **बढी भुक्तानी -** बाख्रा खरिद र ढुवानीमा लाभवान्वित समुदायको सहभागिता हुने रकम रु.१०,००,०००/- लाख कट्टा गरी जम्मा रु. १२,५०,०००/- भुक्तानी हुनुपर्नेमा रु.१५,००,०००/- भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु. २,५०,०००/- असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,५०,०००

५७ **सामाजिक सुरक्षा**

५७.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा २६(२) मा स्थानीय तहबाट वितरण गर्ने सामाजिक सुरक्षा भत्ता रकम तोकिएको आर्थिक वर्षमा खर्च नभएमा वा लाभग्राहीको खातामा जम्मा हुन नसकेमा वा स्थानीय तहमा नगद मौज्दात भएमा आर्थिक वर्षको अन्त्यमा सो रकम संघिय संचित कोष दाखिला गर्नु पर्ने व्यवस्था छ । यस गाउंपालिकाले यो वर्ष सामाजिक सुरक्षा भत्ताको लागि जम्मा रु. ३,७३,७२,१०९/- बैंक मार्फत वितरण गरेको विवरण प्राप्त भएको छ।

५७.२ **विवरण अध्यावधिक -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुंदा २६(३) मा एक आर्थिक वर्ष सम्म पनि रकम नझिकेमा लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्वन्धमा स्थानिय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्वन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्वन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस गाउंपालिकाले समवन्धित बैंकबाट उक्त विवरण लिई छानविन गरेको पाइएन । कार्यविधिमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षा भत्ता पाइरहेका व्यक्तिको मृत्यु भएको वा अन्य कारणले भत्ता प्राप्त गर्न योग्य नभएका व्यक्तिको छानविन गरी भत्ता रकम फिर्ता दाखिला गर्नु पर्दछ ।

५८ **हेभी मेसिनको प्रयोग -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियर्यम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर,रोलर,डोजर,ग्रेडर, विटुमिन डिस्ट्रिव्युटर, विटुमिन व्वाइलर जस्ता हेभी मेशीनहरु प्रयोग गर्न नसकिने उल्लेख छ । तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई प्रयोग गर्न सकिने व्यवस्था छ । तर पालिकाले लागत अनुमान तयार गर्दाका बखत जटिल प्रकृतिको कार्य भनी उल्लेख नभएको तथा हेभी मेसिन प्रयोग गर्न सार्वजनिक निकायले सहमति समेत नदिएको अवस्थामा समेत हेभी मेसिन प्रयोग गरी कार्य गराएको देखिन्छ । नियममा भएको व्यवस्था वेगर उपभोक्ता समिति मार्फत कार्य गरउँदा हेभी इक्युपमेन्टको प्रयोग गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ ।

५९ **विमा -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२(१) मा बीस लाख रुपैयाँ भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यमा संलग्न हुने जनशक्ति, मेसिन र सम्पूर्ण निर्माण कार्यको तोकिए बमोजिमको विमा गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निर्माण सम्पन्न गराएको कुनै पनि निर्माण कार्यको विमा गराउको छैन । यसले गर्दा निर्माण कार्यको जोखिम बढ्न गई निर्माण कार्य समयमा

सम्न्न नहुने जस्ता जोखिम बढेर जान्छ । अतः निर्माण कार्यमा हुने सम्भावित जोखिम न्यूनीकरण गर्न अनिवार्य रुपमा विमा गराउनु पर्दछ ।

६० **खौला देखि झारमाडौ पर्यटकिय पदमार्ग** - खौला देखि झारमाडौ पर्यटकिय पदमार्ग निर्माणको लागि रु.२७,५१,०८०/- को लागत अनुमान गरी ४३० मिटर खन्ने, ९८५ मिटर ढुङ्गा सोलिङ्ग गर्ने तथा २३ घनमिटर सुख्खा ढुंगाको गाह्रो लगाउने काम गरी जम्मा रु. २३,७५,०००/- भुक्तानी गरेको छ । दर विश्लेषण पेश नगरेको तथा सोलिङ्ग गर्ने कार्य र खन्ने कामको लम्बाई फरक परेकोले पदमार्गको लम्बाई तथा वास्तविक खर्च यकिन गर्न सकिएन । लागत अनुमान गर्नु अघि लम्बाई लगायतको विवरण खुल्ने ड्रयिङ तथा डिजाईन तयार गर्नुपर्दछ ।

६१ **रिटेन्सन मनी** - सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३(४) बमोजिम सार्वजनिक निकायले खरिद सम्झौता अनुसारको रनिङ विल वा विल विजक भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ विल वा विल विजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले निम्न निर्माण व्यवसायीलाई निर्माण कार्यको भुक्तानीमा रिटेन्सन मनी कट्टा गरेको देखिएन ।रिटेन्सन मनीको अभावमा त्रुटी सच्चाउने अवधिमा त्रुटी सच्चाउन सक्ने अवस्था देखिदैन । अतः निर्माण व्यवसायीलाई भुक्तानी गर्दा रिटेन्सन मनी कट्टा नगरी दिएको भुक्तानी नियमसम्मत नदेखिएको रु.

फर्मको नाम	योजनाको नाम	भुक्तानी रकम	कट्टा गर्नुपर्ने धरौटी रकम
धुलिखेल निर्माण सेवा	गाउँपालिका प्रशासकिय भवन	१३१०००००	७२६२०२
प्रशान्त निर्माण सेवा	च्याङ्गलर ओखर खेती	६४८५०००	२७९२३८
डि एण्ड डि निर्माण सेवा	चन्द्र प्रकाश मावि भवन निर्माण	१००९७४४६	६१२६५
सूर्य कन्स्ट्रक्सन सर्भिस	चिंदेखी गल्लाबाडा सिंचाइ योजना	९०९४८३	४५४७४
पाराडिसो कन्स्ट्रक्सन प्रा . लि .	नौनाला सिंचाइ कुलो निर्माण	१७७१५०१	७८३८५
जम्मा		३२३६३४३०	११९०५६४

अनियमित भएको	११,९०,५६४

६२ **उपभोक्ताको काम** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। पालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ। उपभोक्ता मार्फत

सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको हुनुपर्नेमा सो अनुसारको देखिएन। सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको पाईएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

६३ **निर्माण कार्यको गुणस्तर** - उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाको गुणस्तर सुनिश्चित गर्ने जिम्मेवारी सम्बन्धित उपभोक्ता समिति, अनुगमन समिति र कार्यालयको हो । यसका लागी स्वीकृत ड्रइङ्ग, डिजाइन र स्पेसिफिकेशन बमोजिम निर्माण सामग्रीको गुणस्तर कायम गर्नुपर्ने, निर्माण विधि र प्रकृया कार्यालयसँग भएको सम्झौता बमोजिम हुनुपर्नें, मितव्ययिताका लागि स्थानीय स्तरमा उपलब्ध गुणस्तरयुक्त सामग्रीको उपयोग गर्नुपर्दछ । तर यस गाउँ पालिकाले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन । जसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न आवश्यक मात्रामा गुणस्तर परीक्षण गराउने तर्फ कार्यालयको पहल हुनुपर्दछ ।

६४ **सक्कल बिल -** आर्थिक कार्यविधि नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । त्यसैगरी निर्माण कार्यमा प्रोभिजनल समका रुपमा समावेश गरिएको कार्यको भुक्तानी दिँदा सक्कल बिल बिजकका आधारमा भुक्तानी दिनु पर्दछ । यस पालिकाले देहायका निर्माण कार्यमा प्रोभिजनल सम वापतको रकम भुक्तानी दिँदा सक्कल बिल बिजक लिएको देखिएन । सक्कल बिल बिजक बेगर भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु.

योजनाको नाम	फर्मको नाम	पि.एस.रकम भुक्तानी
च्याङ्लर ओखर खेती निर्माण	प्रशान्त निर्माण सेवा	११३०००
चन्द्र प्रकाश मा.बी भवन निर्माण कार्य	डि एण्ड डि निर्माण सेवा	१९२१००
महनादेव मा वि छात्राबास भवन निर्माण	डि एण्ड डि निर्माण सेवा	११३०००
महनादेव मा वि विद्यालय भवन निर्माण	खार्पुनाथ निर्माण सेवा	११३०००
जम्मा		५३११००

असुल गर्नुपर्ने	५,३१,१००

६५ **उपभोक्ता समितिको बिल भरपाई -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।यो वर्ष गाउँपालिकाले उपभोक्ता समितिबाट सम्पन्न भएका अधिकांश योजनामा प्राविधिक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा उपभोक्ता समितिलाई रकम भुक्तानी गरेको देखियो।उपभोक्ता

समितिले प्राविधिक नापी तथा उपभोक्ताको बिल पेश गर्दा आंशिक रूपमा मात्र डोर हाजिरी तथा खर्चका बिल भरपाई संलग्न गरी पेश गर्ने गरेको देखियो। नियमावलीमा भएको व्यवस्था अनुरूप उपभोक्ता समितिले खर्चको बिल भरपाई उक्त समुहको वैठकबाट समेत अनुमोदन गर्ने गरेको देखिएन। यस सम्बन्धमा फिल्डमा गई प्राविधिकले पेश गर्ने वास्तविक नापी तथा कार्यसम्पन्न प्रतिवेदनको आधारमा रकम भुक्तानी गर्ने गरेको गाउँपालिकाले जानकारी दिएतापनि योजनामा प्रयोग भएका सामग्री खरिदको समेत बिल पेश नहुँदा नापी अनुसारको वास्तविक परिमाण र लागत कै सामान प्रयोग भयो भनि आश्वस्त हुन सक्ने अवस्था रहेन । गत विगत वर्षका प्रतिवेदनहरुमा समेत यस सम्बन्धमा सुझाव दिँदै आएकोमा यस अवस्थामा सुधार भएको छैन ।

६६ **प्राविधिक बिल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित अधिकांश योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन तथा कार्यसम्पन्न पेश भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था रहेन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति, कार्य सम्पन्न भएको मिति, नापजाँच गरेको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । प्राविधकले इन्जिनियरिङ्ग नर्म्स अनुसार उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ। साथै नापी तथा कार्यसम्पन्न प्रतिवेदनमा मिति, स्थान लगायतका आवश्यक विवरणहरू अद्यावधिक गर्नुपर्दछ।

६७ **गाउँपालिका प्रशासकीय भवन**

६७.१ **भेरिएशन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) बमोजिम सार्वजनिक निकायले रनिङ्ग बिल वा कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । कार्यालयले गाउंपालिका प्रशासकीय भवन निर्माणका लागि निर्माण व्यवसायी धुलिखेल निर्माण सेवासँग २०८०/०३/३१ सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी २०७८/३/२० मा रु. ४,२८,००,००० (मू.अ.कर समेत) को सम्झौता भएको थियो । २०८० जेठ ११ गतेको कार्यपालिकाको बैठकको निर्णयबाट रु. १,०६,३०,७९३/- को भेरिएशन आदेश स्वीकृत गराई कुल सम्झौता रकम रु. ५,३४,३०,७९३/- कायम भएको छ । भवन निर्माण कार्य वापत गत वर्षसम्म दोश्रो रनिङ्ग बिल समेत रु. २,३१,१२,४८०/- भुक्तानी भएको र यो वर्ष तेश्रो र चौथो रनिङ्ग बिल वापत रु. २,०७,१६,०१७/- समेत जम्मा रु. ४,३८,७३,४९५/- (मू.अ.कर समेत) अर्थात ८२.११ प्रतिशत भुक्तानी दिएको देखियो । प्राविधिक प्रतिवेदन अनुसार उक्त भवनमा शुरु सम्झौतामा उल्लेख भए देखी बाहेक सबै नयाँ आइटम थप गरी (२४.८४ प्रतिशत) भेरिएशन गरेकोमा उक्त भेरिएशन गाउँसभाबाट अनुमोदन हुनु पर्दछ ।

६७.२ **नगरेको कामको भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) मा सार्वजनिक निकायले कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाँप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । गाउँपालिका प्रशासकीय भवनको घरको छत र झ्याल ढोका राख्ने कार्य सम्पन्न नहुँदै धारा जडान र सेनिटरीका सम्पूर्ण कार्य गरे वापत एकमुष्ट रु.

३०,५२,४९४/- भुक्तानी भएको देखिन्छ । नापी किताबमा डिपिआरको तथ्याङ्क जस्ताको तस्तै राखेर धारा जडान र सेनिटरी वापतको रकम भुक्तानी गरेको देखियो । धारा जडान र सेनिटरीको कार्य सम्पन्न भएको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	३०,५२,४९४

६८ **बढी ढुवानी दर भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले ६०।०८०।३।२० बाट सियाली खोला सिंचाई उपभोक्ता समितिले बाजुराको ताजाकोट ट्रेड एण्ड सप्लायर्स (बिल नं ०३३) र पुजा ट्रेडर्स एण्ड सप्लायर्स (बिल नं १०९) बाट खरिद गरेको सामान नेपालगञ्ज देखि ताजाकोट गाउँपालिका सम्म ढुवानी गरेको भनी भुक्तानी दिएको छ । बाजुरा जिल्लामा खरिद गरेको सामग्री ढुवानीका लागी बाजुरा जिल्लाको दररेट अनुसार बाजुरा देखि ताजाकोट सम्मको ढुवानी वापतको रकम मात्र भुक्तानी दिनु पर्नेमा नेपागञ्जदेखी ताजाकोट सम्मको दरले भुक्तानी दिएको हुँदा देहाय अनुसार रु. १,१७,६००/- बढी भुक्तानी भुक्तानी भएको देखियो । बढी भुक्नानी भएको रकम असुल हुनुपर्ने रु.

सामाग्री	परिमाण के. जि.	ढुवानी दर	हुनुपर्ने दर	बढी भुक्तानी
सिमेन्ट	१००० के जी	७५	२५	५००००
सरिया	२०० के जी	३७५	३७	६७६००
जम्मा				११७६००

असुल गर्नुपर्ने	१,१७,६००

६९ **एकिकृत स्वास्थ्य पूर्वाधार** - ठेक्का नं. ६/०७७/७८, १० शैया अस्पताल भवन निर्माणका लागी निर्माण व्यवसायी धुलिखेल निर्माण सेवासँग २०८०/०३/३१ सम्ममा निर्माण कार्य सम्पन्न गर्ने गरी २०७८/३/२० मा रु. ५,६१,४१,६७६ (मू.अ.कर समेत) को सम्झौता भएकोमा गतवर्षसम्म रु. १,५२,६३,३२१/- र यो वर्ष रु. २,७३,३५,४२४/- समेत हालसम्म रु. ४,२५,९८,७४५/- भुक्तानी भएको छ । २४ महिना समय तोकिएको अस्पताल भवन निर्माण कार्यको शतप्रतिशत अवधि समाप्त हुँदासम्म ६७ प्रतिशत मात्र प्रगती भएको देखिन्छ । लेखापरीक्षण अवधिसम्म उक्त सम्झौताको म्याद समाप्त भएको र म्याद थप समेत भएको देखिएन । सम्झौता बमोजिम समयमा निर्माण कार्य सम्पन्न नभएको हुँदा सम्झौताको म्याद थप गरी निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

७० **महनादेव मा.वि. छात्रावास भवन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) मा सार्वजनिक निकायले कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाँप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । छात्रावा भवन निर्माणका लागि निर्माण व्यवसायी डि एण्ड डि निर्माणसेवासँग २०८० असार मसान्त निर्माण कार्य सम्पन्न गर्ने गरी २०७९/१०/१७ मा रु. ६६,६४,३५०/- (मू.अ.कर समेत) को सम्झौता भएकोमा हालसम्म रु. ७५,२५,०९४/- भुक्तानी भएको छ । सम्झौता बमोजिम Back filling को स्वीकृत दर प्रति घनमिटर रु. २७०/- रहेकोमा अन्तिम बिल भुक्तानी गर्दा प्रति घन मिटर रु. २,७००/- का दरले भुक्तानी भएको देखिन्छ । १६० घन मिटरका लागी प्रति

घनमिटर रु. २,४३०/- ले हुने रकम रु. ३, ८८,८००/- बढी भुक्तानी भएको देखिन्छ ।स्वीकृत दर भन्दा बढी दर प्रयोग गरी भुक्तानी भएको उक्त रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	३,८८,८००

७१ **चन्द्र प्रकाश मा.वि. विद्यालय भवन** - विद्यालय भवन निर्माणका लागि २०८० असार मसान्त निर्माण कार्य सम्पन्न गर्ने गरी निर्माण व्यवसायी डि एण्ड डि निर्माणसेवासँग २०७९/१०/१५ मा रु. ७९,६३,७४७/- (मू.अ.कर समेत) को खरिद सम्झौता भएकोमा रु. २०,२१,२०८/- भेरिएशन भई रु. ९९,८४,९५५/- को अन्तिम खरिद सम्झौता कायम भएको र हालसम्म रु. १,००,९७,४४६/- भुक्तानी भएकोमा देखिएका व्यहोरा देहाय अनुसार छन् ।

७१.१ **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ (१ख) मा सार्वजनिक निकायले कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नाँप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ । भेरिएशन सहित रु. ९९,८४,९५५/- को खरिद सम्झौता कायम भएकोमा हालसम्म रु. १,००,९७,४४६/- भुक्तानी भएको हुँदा सम्झौता भन्दा रु.१,१२,४९१/- बढी भुक्तानी भएको देखिन्छ । सम्झौता भन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	१,१२,४९१

७१.२ **भेरिएशन बेगर भुक्तानी** - भेरिएशन स्वीकृत हुँदा समेत खरिद सम्झौताको बिओक्यूमा समावेश नगरिएको PCC for RCC work १:३:६ प्राविधिक बिलमा समावेश गरी उक्त कार्यका लागी ८९.२५ घनमिटर प्रति घनमिटर रु. ३५००/- का दरले हुने जम्मा रु. ३,१२,३७५/- भुक्तानी गरेको देखिन्छ । सम्झौताको बिओक्यूमा समावेश नभएको आइटम वापत भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	३,१२,३७५

७२ **आइटम वाइज योगदान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (३क१) मा साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्ने व्यवस्था पालिकामा पेश भएको कार्यसम्पन्न प्रतिवेदनमा प्रत्येक कार्य इकाईमा उपभोक्ता समितिको योगदान हुनुपर्नेमा एकमुष्ठ कार्यसम्पन्न प्रतिवेदनमा मात्र उपभोक्ता समितिले पुर्याउनु पर्ने योगदानको अंश पुर्याएको कार्य सम्पन्न प्रतिवेदनबाट देखिन्छ। अतः नियमावलीमा भएको व्यवस्था अनुसार साठी लाख रुपैया भन्दा बढीको निर्माण कार्यमा उपभोक्ता समितिले निर्माण कार्यको प्रत्येक इकाईमा अनिवार्य योगदान हुनुपर्दछ।

७३ **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

भौ.नं. र मिति	फर्मको नाम	योजनाको नाम	भुक्तानी रकम	अग्रिम कर
४/२०७९/८/२८	धुलिखेल निर्माण सेवा	गाउँपालिका प्रशासकिय भवन	१३१०००००	२१७८६०

१४/२०७९/१०/१५	उपभोक्ता समिति	घुडे पाताल देखी वडा नं ५ जोडने सडक	५६०००००	८४०००
जम्मा			१८७००००००	३०१८६०

असुल गर्नुपर्ने	३,०१,८६०

७४ **भुक्तानीमा कर** - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

भौचर नंर मिति	**भुक्तानीलिने**	**शिर्षक**	**रकम**	**जम्मा**
११।०७९।१०।२१	टंकप्रसाद शर्मा	विविधसामाग्री खरिद	१५४८६७	२३२३
१८।०७९।११।१६	घोडाघोडीसर्जि एण्ड अर्डर सप्लायर्स	ICR Refrigerator खरिद	३५३९८२	५३०९.७३
२७।०७९।१२।१८	राजेन्द्र स्याङ्गु/ लाल प्रसाद ढकाल	विविधसामाग्री खरिद	५००००	७५०
३७।०८०।२।२	रामबहादुर वुढा	सामाग्रीढुवानी	१५०००	३७५
०६।०७९।१०।०६	जनक आ वि	विधुतिय चुल्हो लगायतका सामान खरिद	३१५०००	४७२५
६५।०३।२५	धनराज ढकाल	विविध सामाग्री खरिद	२१२४७६	३१८७.१४
६५।०३।२५	धनराज ढकाल	ढुवानी	३५०००	५२५
६५।०३।२५	धनराज ढकाल	पारिश्रमिक भुक्तानी	२५०००	२५०
१२०।०८०।०३।२२	जयरुद्र ढकाल	सामाग्री खरिद	५०००००	७५००
१३८।०८०।०३।२५	जयरुद्र ढकाल	सामाग्री खरिद	६३२२००	३८७००
१२३।०८०।।०३।२२	शक्ति बुमि	सामाग्री खरिद	२५००००	१०५००
१२५।०८०।०३।२३	राजेन्द्र स्याङ्गु	सामाग्री खरिद	८९९९००	३९८९१
१३५।०८०।०३।२४	धनराज ढकाल	आखानाक कान घाटी साम्बन्धि कार्यक्रम भत्ता	८७३०००	६५२९३
	राजेन्द्र स्याङ्गु	बुस्टर खोप अभियान भ्रमण खर्च	२७३५५०	११८८७१.८
१३६।०८०।०३।२४	धनराज ढकाल	स्थानीयतह स्वास्थ्य चौकी प्रशासनिक खर्च	५६३५४०	८४५३.१

७७।०८०।०२।२९	घोडाघोडिसर्जि एण्ड अर्डर सप्लायर्स	स्यानिटरी प्याड खरिद	६३१८८४	९४७८.२६
११९।०८०।०३।२२	मंगलबुढा	स्यानिटरी प्याड - ढुवानी	५१५००	३५३७.५
८३।०८०।०३।०४	जयरुद्र ढकाल	पोषण कार्यक्रम-	११००००	६२१०
८९।०८०।०३।१३	रामलाल देवकोटा	गतआ व को भुक्तानी- सहजकर्ता भत्ता	८८१६००	२७७२३
१३५।०८०।०३।२४	धनराज ढकाल	समिक्षागोष्ठि- सहभागि भत्त	६३७०००	३८९४४
७२।०८०।२।७	जयरुद्र ढकाल	राष्ट्रपति रनिङ्ग शिल्ड	१०००००	१५००
जम्मा			**७५६५४९९.**	**३९४०४६.५**

असुल गर्नुपर्ने	३,९४,०४६.५३

७५ **मूल्य अभिबृद्धि कर** - मूल्य अभिबृद्धि कर नियमावली, २०५३ मा २०७६।२।१५ मा भएको एक्काइसौं संशोधनबाट थप भएको नियम ६ग मा ठेक्का वा करारअन्तर्गत वस्तु वा सेवा आपूर्तिबापतको मुल्य अभिवृद्धि कर भुक्तानी गर्दा मू.अ.कररकमको ३० प्रतिशत कार्यालयबाट कट्टा गरी राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले निम्न फर्महरुलाई रु. ५,०७,९३,०६५/- भुक्तानी गर्दा ३० प्रतिशतले हुने मुल्य अभिवृद्धि कर रु. १९,१४,४३३/- कट्टा गरी दाखिला नगरेको हुँदा निज फर्महरुबाट मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.

फर्मको नाम	**योजनाको नाम**	**भुक्तानी रकम**	**३० मूअकर**
धुलिखेल निर्माण सेवा	गाउँपालिका प्रशासकिय भवन	१३१०००००	५६६४३७
प्रशान्त निर्माण सेवा	च्याङ्गलर ओखर खेती	६४८५०००	२७१८०५
डि एण्ड डि निर्माण सेवा	चन्द्र प्रकाश मावि भवन निर्माण	१००९७४४६	३४८४९१
डि एण्ड डि निर्माण सेवा	मदनादेव मा वि छात्रावास भवन निर्माण	७५२५०९४	२५८९१४
खार्पुनाथ निर्माण सौं	मदनादेव मा वि विद्यालय भवन निर्माण	५१६३५१०	१७८१९७
सूर्य कन्स्ट्रक्सन सर्भिस	चिंदेखी गल्लाबाडा सिंचाइ योजना	९०९४८३	३१३८९
पाराडिसो कन्स्ट्रक्सन प्रा . लि .	नौनाला सिंचाइ कुलो निर्माण	१७७१५०१	६११४०
कृषि सप्लायर्स प्रा.लि.	कुटानी पिसानी मिल खरिद	३३२९६०२	११५४६३
पार्वती किराना सप्लायर्स	गिष्याना सिस्या सम्म सिंचाई योजना	१९२७४०५	६६५२१
मानसरोवर जनरल स्टोर	सामग्री खरिद	४८४०२४	१६०७६
जम्मा		५०७९३०६५	१९१४४३३

प्रमाण पेश नगरेको	१९,१४,४३३

७६ **कर कट्टी** - आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ मा तोकिए बमोजिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानी गर्दा कर कट्टी गरेको नदेखिएकोले सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

भौ.नं. र मिति	जिम्मेवार व्यक्ति वा संस्था	प्रयोजन	किसिम	रकम
५९।०८०।३।२०	धनराज ढकाल	ढुवानी	बहाल कर	१२८०५
२७२।०८०।३।२०	धनलाल जैसी	ढुवानी	बहाल कर	८०००
२७७।०८०।३।२२	शक्ति बुमी	गाडी भाडा	बहाल कर	४०००
२८९।०८०।३।२४	जयरुद्र ढकाल	उत्तरपुस्तिका परीक्षण	पारिश्रमिक कर	२११८०
			अग्रिम कर	४०५०
२९६।०८०।३।२८	विष्णुलाल सार्की	बैठक भत्ता	पारिश्रमिक कर	३७५००
२९७।०८०।३।२८	विष्णुलाल सार्की	बैठक भत्ता	पारिश्रमिक कर	३६१६५
२९८।०८०।३।२८	विष्णुलाल सार्की	बैठक भत्ता	पारिश्रमिक कर	८७३५
			अग्रिम कर	२१०५
२९९।०८०।३।२९	विष्णुभक्त जैसी	क्षमता अभिवृद्धि तालिम	पारिश्रमिक कर	२२६८०
			अग्रिम कर	५११५
३००।०८०।३।२४	विष्णुलाल सार्की	बैठक भत्ता	पारिश्रमिक कर	२०५३५
३०५।०८०।३।३०	विष्णुलाल सार्की	कार्यक्रम संचालन	अग्रिम कर	३०००
३०६।०८०।३।३०	भावना शर्मा	कार्यक्रम संचालन	अग्रिम कर	१८००
२०३।०८०।२।७	जिम्मेवार व्यक्ति	औषधी ढुवानी	बहाल कर	२३५०
१९१।०८०।१।२९	बलभद्र संज्याल	गाडी भाडा	बहाल कर	३५००
१८९।०८०।१।२९	मदनादेव मा वि	सामान ढुवानी	बहाल कर	८०००
१७४।०८०।१।२४	जिम्मेवार व्यक्ति	सहभागी भत्ता	पारिश्रमिक कर	७५७५
१३०।०७९।११।१६	राजेन्द्र स्याङ्बु	स्वास्थ्य सामाग्री ढुवानी	बहाल कर	१२५०
१२३।०७९।११।८	कर्मे जैसी	गाडी भाडा	बहाल कर	२६००
११९।०७९।१०।२९	विष्णुभक्त जैसी	बैठक भत्ता	पारिश्रमिक कर	२२३३६
जम्मा				२३५२८१

असुल गर्नुपर्ने	२,३५,२८१

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : ताजाकोट गाउँपालिका, हुम्ला

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	लाल प्रसाद ढकाल	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	विर्ष बहादुर सुनार	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
११,३४७,१९४.५३	३,०६५,५६४	१६,५९१,१४६	०	०	२,१००,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					३३,१०३,९०४.५३
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					३३,१०३,९०४.५३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३२९७१६०.९७	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२९०४११०६७	चालु खर्च	१६३७८२३०२.०४
प्रदेश सरकारबाट अनुदान	७५३१८७२२	पूँजीगत खर्च	१७०२४७६३६
राजश्व बाँडफाँट	४८०३९७३०.८	वित्तीय/अन्य व्यवस्था	९३१७९५१५.८७
आन्तरिक आय	१४६७५०३.०		
अन्य आय	१८६२३०८५.०९		
कुल आय	४३३८६०१०७.८९	कुल खर्च	४२७२०९४५३.९१
बाँकी मौज्दात		९९४७८१४.९५	

बेरूजु दफा ४९.१ सँग सम्बन्धित विवरण - अनुसूची -२

भौ.नं. र मिति	योजनाको नाम	काम	वढी परिमाण	दर	जम्मा
४०।०८०।०३।०७	कैलाश देव आ वि २ कोठे भवन निर्माण	Dry stone Masonary -super structure को लम्बाई ५१ मिटर हुनुपर्नेमा ६५.७ हुदा वढी परिमाण (१४.७*०.४५*२.३४)	१५.४७	६२३०	९६३७८
		stone masonary work @ १:४ c/s शौचालयमा ग्लेब पोर्सन नदेखिएकोले वढी परिमाण	२.१९	२६९८०	५९०८६
		plaster glabe portion	२.६	८८७	२३०६
		salla wood form work- ventilation २ वटा हुनुपर्नेमा ४ वटा वढी भएकोले वढी परिमाण (२*२*०.१*०.१२)	०.०४८	७४४९८	३५७६

४५।०८०।०३।२०	खेल मैदान निर्माण योजना ताजकोट ३	stone masonary work १:४ c/s mortar को height up to ground level ०.३५ हुनुपर्नेमा ०.५ भई वढी परिमाण (४२.५*०.४*०.१५)	२.५५	२०४७३	५२२०६
		Dry stone masonary behind the stone masonary work@ १:४ c/s को वढी परिमाण (४२.५*०.९*०.१५)	५.७३	५०४२	२८८९१
६३।०८०।३।२४	कालिका आधारभुत विद्यालय	stone masonary work @१:४ c/s मा sill band र lintle band नघटाएको	५.१६	२४६१८	१२७०२९
४८।०८०।०३।२२	क्षेत्रपाल आधारभुत विद्यालय	stone masonary work up to the plinth beam (७९*०.६*१.२) राखि (६४.७*०.८*०.५) समेत राखेको	२५.८८	५८३४	१५०९८४
		stone masonary work superstructure मा sill band र lintle band नघटाएको	६.३२	५८३४	३६८७१
जम्मा					**५५७३२७**